# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## पकेट संचालक समितिहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना
(प्रकाशित मिति २०७४/१२/२८)

नेपाल सरकार, कृषि विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाद्वारा आ.व. २०७३/०७४ मा भरतपुर महानगरपालिका अन्तरगत गठन भएका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) हरुलाई यस वर्ष कृषि कार्यक्रम संचालन गर्न भरतपुर महानगरपालिकाको तर्फबाट पूँजीगत अनुदान सहयोग उपलब्ध गराइने भएको हुँदा सम्बन्धित पकेट क्षेत्रका संचालक समितिहरुलाई आफूले चाहेको कृषि कार्यक्रम संचालनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव पेश गर्न हुन अनुरोध छ ।

१. अनुदान रकम प्रति पकेट रु. एक लाख मात्र (कार्यक्रमको औचित्य र पुष्ट्याई अनुसार थपघट हुन सक्ने) ।

२. अनुदान उपलब्ध गराइने क्षेत्र र प्रतिशत : मेशिनरी औजार उपकरणमा बढीमा ५० प्रतिशत, सिंचाई पूर्वाधारमा बढीमा ८५ प्रतिशत, पोष्टहार्भेष्ट पूर्वाधारमा बढीमा ८५ प्रतिशत ।

३. संलग्न गर्नु पर्ने कागजातहरु :

- क) रु. १०।- को टिकट टाँस गरिएको निवेदन सहितको प्रस्तावित कार्यक्रम
- ख) पकेट संचालक समिति दर्ता प्रमाणपत्रको प्रतिलिपी
- ग) संचालक समितिको बैठकको निर्णय प्रतिलिपी
- घ) सम्बन्धित वडा कार्यालयको सिफारिस
- ङ) महानगरपालिकामा रु. १००।- राजश्व बुझाएको रसीदको सक्कल प्रति

सुधीर श्रेष्ठ
कृषि विकास अधिकृत

प्रमुख प्रशासकीय अधिकृत